# कुम्मायक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## यासोक, पाँचथर

प.सं. :- ०७७-७८
च.नं. :- १०११

१ नं. प्रदेश, नेपाल

मिति:२०७७।१०।०६

**विषय: सेवा प्रवाहलाई व्यवस्थित गर्ने सम्वन्धमा।**

श्री शाखा प्रमुख ज्यु, सवै।
श्री वडा सचिव ज्यु, सवै।
श्री विद्यालय, सवै।
श्री स्वास्थ्य संस्था, सवै।
कुम्मायक गाउँपालिका, पाँचथर।

प्रस्तुत विषयमा तहाँ शाखा/वडा र मातहतका कार्यालयहरु (स्वास्थ्य संस्था र विद्यालय समेत) बाट प्रवाह हुने सेवाहरुलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक भएकोले देहाय बमोजिम गर्न गराउन हुन अनुरोध छ। यस कार्यालयबाट अनुगमन हुँदा सो अनुसार भए गरेको नपाइएको अवस्थामा आवश्यक कारवाही अगाडी बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

**देहाय:**

१) बिदा/काज स्वीकृत नगराई अनुपस्थित नरहने।

२) कार्यालय समय अवधीभर कार्यालयमा हाजिर रहुनुपर्ने।

३) फिल्डमा खटिने कर्मचारीले अनिवार्य रुपमा लगबुक राख्ने र स्वीकृत गराउने।

४) कार्यादेश (खरिद आदेश/ मर्मत आदेश/कार्यादेश/ सम्झौता लगायत) बिना आर्थिक दायित्व सिर्जना हुने कामकाज नगर्ने, गरेमा सो को जिम्मेवार स्वयं हुने।

५) कार्यरत शाखा /वडा/कार्यालय लगायत संग सम्वन्धित अभिलेख चुस्त दुरुस्त राख्ने।

६) सवारी साधन,जिन्सि सामान लगायतका अन्य सम्पतीहरुको प्रयोगमा मितव्ययीता अपनाउने र सो को अभिलेख राख्ने।

७) म.ले.प फारामहरु अनिवार्य रुपम प्रयोग गर्ने।

८) सरकारी सवारी साधन लगायतका अन्य सरकारी/ कार्यालयका सामाग्रीहरु कार्यालयको कामकाजको शिलशिलामा मात्र प्रयोग गर्ने गराउने।

९) पत्राचार गर्दा हस्तलिखित पत्रलाई निरुत्साहित गर्ने, इमेल मार्फत पत्राचार गर्ने, कार्यालय समयमा इमेलमा अपडेट भइराख्ने।

१०) कर्मचारीहरुले विदा वा काजमा बस्दा कार्यालयको काममा अवरोध सिर्जना नहुने व्यवस्था गर्ने गराउने।

११) करारमा कार्यरत कर्मचारीहरुको कामकारवाही सन्तोषजनक नदेखिए करार सम्झौता जुनसुकै बखत भङ्ग हुन सक्ने।

**सादर अवगातर्थ:**
श्रीमान अध्यक्षज्यु, कुम्मायक गाउँपालिका, यासोक-पाँचथर।
श्रीमान उपाध्यक्षज्यु, कुम्मायक गाउँपालिका, यासोक-पाँचथर।
श्रीमान वडाध्यक्षज्युहरु, कुम्मायक गाउँपालिका सबै वडा, कुम्मायक गाउँपालिका।

०७७।१०।०६
देवेन्द्र ...
प्रशासकीय अधिकृत

०७७।१०।०५
.............................
बाबुनन्दन मेहता
प्रमुख प्रशासकीय अधिकृत

फोन: ०२४-४१३०६१
ई-मेल: info@kummayakmun.gov.np वेवसाइट: www.kummayakmun.gov.np

Scanned with CamScanner